# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत ।
गण्डकी प्रदेश, नेपाल

**सहजकर्ता छनौटको लागि दरखास्त आव्हान गरिएको सुचना**
**प्रथम पटक प्रकाशित मितिः-२०७७/०८/०७ )**

प्रस्तुत विषयमा यस कुश्मा नगर कार्यपालिकाको कार्यालय मार्फत आ.व २०७७/७८ मा सञ्चालन हुने सशर्त अनुदाको रुपमा उपलब्ध बजेट तथा कार्यक्रम अन्तर्गतको **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा )** सञ्चालनका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५ बमोजिम उद्यम विकास सहजकर्ता छनौट गर्नुपर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यस कार्यालयमा निवदेन दिनुहुन अनुरोध छ ।

**तपशिल**

| क्र.स | विज्ञापन नं | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०३-०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक स्तर चौथो | २ (दुई) | ४००।- |

**१ .आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क) प्राविधिक तथा व्यावसायिक तालिम परिषद बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको , वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायीयक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको , वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायीयक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिक परीक्षा टि एस एल सी उत्तीर्ण गरेको

२. **छनौटको किसिमः-** संक्षिप्त सुचिकरण र अन्तर्वार्ता (कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम )

३. उमेरः- कम्तीमा १८ बर्ष पूरा भई ४५ वर्ष ननाघेको र कानुनद्धारा अयोग्य नठहरिएको ।

**४.दरखास्तमा संलग्न हुनुपर्ने कागजातहरुः-** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि , नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भएमा सोको प्रतिलिपी ।

**५.दरखास्त दिने अन्तिम मितिः** २०७७/८/२१ सम्म

६. **अन्तर्वाताको मितिः** संक्षिप्त सूचि प्रकाशनको दिनमा तोकिने छ ।

**७.काम गर्नुपर्ने अवधिः-** २०७८ असार मसान्त सम्म

८. **काम गर्नुपर्ने स्थानः** कुश्मा नगरपालिका क्षेत्र

**९.पदले सम्पादन गर्नुपर्ने कार्यविवरणः-** लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम

१० **सेवा सुविधाः** करार सम्झौतामा उल्लेख भए बमोजिम ।

११.नेपाल सरकारले स्थापना गरेको श्रम सुचना बैकमा सूचिकृत भएका सहजकर्तालाई प्रायमिकता दिईनेछ ।

१२.म्याद भित्र रित पूर्वक दर्ता हुन नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

१३.यसमा उल्लेख नभएका अन्य कुराहरु लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ तथा प्रचलित कानुन बमोजिम हुनेछ । अन्य विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner